## कोषका कर्मचारीहरुको दुई दिने क्षमता अभिबृद्धि तालिम कार्यक्रम सम्पन्न ।



युवा तथा साना व्यवसायी स्वरोजगार कोषको आयोजनामा कोषका कर्मचारीहरुको **“दुई दिने क्षमता अभिवृद्धि आवासीय तालिम कार्यक्रम”** कोषका कार्यकारी उपाध्यक्ष डा. देवराज रोका कल्याणको अध्यक्षतामा भयो । कार्यक्रमका प्रमुख अतिथी तथा युवा तथा खेलकुद मन्त्रालयका माननीय मन्त्री महेश्वर जंग गहतराज (अथक) ज्यूले दिपप्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।




मिति २०७८।१२।२५ देखि २०७८।१२।२६ सम्म धुलीखेलको हिमालयन दृश्य रिसोर्टमा सञ्चालन भएको उक्त कार्यक्रमको उद्घाटन समारोहमा माननीय युवा तथा खेलकुद मन्त्री, कोषका कार्यकारी उपाध्यक्ष, युवा तथा खेलकुद मन्त्रालयका सह-सचीवद्वय, काभ्रे जिल्लाका प्रमुख जिल्ला अधिकारीले तालीमको शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य राख्नु भएको थियो भने कोषका कार्यकारी निर्देशकले स्वागत मन्तव्य राख्नु भएको थियो ।



तालिम कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सचिव श्रीमान् डा. दामोदर रेग्मी , नेपाल राष्ट्र बैंक कानुन शाखाका उप निर्देशक श्री सुमन आचार्य, महालेखा नियन्त्रकको कार्यालयका उपमहा लेखा नियन्त्रक श्री भेष प्रसाद भुर्तेल, अर्थ विज्ञ डा. चन्द्रमणी अधिकारी, युवा उत्प्रेरक श्री सुदन ज्ञवाली लगायतले प्रशिक्षार्थीहरुलाई विभिन्न विषयहरुमा प्रशिक्षण गराउनु भएको थियो ।



दुई दिनको छोटो समयको तालिम कार्यक्रममा प्रशिक्षार्थीहरुले ज्ञान, सीप, व्यवहार तथा मनोवृत्तिमा सकारात्मक परिवर्तनमा थप शिक्षा प्रदान गरी संघीय संरचनामा युवा स्वरोजगार कोष, कर्जा असूली तथा व्यवस्थापन, सार्वजनिक वित्तिय व्यवस्थापन, नेपालको वर्तमान आर्थिक अवस्था तथा उत्प्रेरणा लगायतका विषयहरुमा वस्तुगत ज्ञान आर्जन गर्नु भएको थियो ।




कोषका तालीम शाखा प्रमुख श्री नरवहादुर साउदले सञ्चालन गरेको तालीम कार्यक्रममा ४९ जना कर्मचारीहरु प्रशिक्षार्थीको रुपमा उपस्थित भएका थिए । कोषका कार्यकारी निर्देशक श्री विश्वमोहन अधिकारीले तालिममा सिकेका विषय वस्तुहरुले कर्मचारीहरुको व्यवहार र मनोवृत्तिमा थप परिवर्तन आई कोष अग्रगतिमा अगाडी वढ्न मद्दत गर्ने विषयमा विश्वस्त रहेको जानकारी गराउदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

